प्रकाशित मितिः २०७५/१२/२६

# नेपाल राष्ट्र बैंकको
# नगद नेपाली तथा विदेशी मुद्रा ओसार पसारमा
# प्रतिबन्ध लगाइएको सम्बन्धी सूचना

नेपाली मुद्रा तथा विदेशी विनिमयको ओसार पसारमा नियन्त्रण गर्ने प्रयोजनका लागि देहाय अनुसारको व्यवस्था कायम गरिएकोले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ को अधिकार प्रयोग गरी सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. नेपाली वा विदेशी नागरिक अन्य मुलुकमा जाँदा र आउँदा प्रतिव्यक्ति नेपाली रुपैयाँ ५,०००।- भन्दा बढी साथमा लैजान वा ल्याउन पाउने छैन ।

२. नेपाली वा विदेशी नागरिकले नगद विदेशी मुद्रा अमेरिकी डलर ५,०००।- (पाँच हजार) वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा भन्दा बढी साथमा ल्याएको वखत भन्सार घोषणा गरी प्रमाणित गरेको हुनु पर्नेछ ।

३. नेपाली नागरिकले विदेश जाँदा पासपोर्ट सटही सुविधा सहित अमेरिकी डलर ५,०००।- (पाँच हजार) सम्मको नगद विदेशी मुद्रा लिएर जानुपर्दा सो विदेशी मुद्रा राहदानीमा दरपिठ गरेको हुनुपर्नेछ । उक्त सिमासम्म नगद विदेशी मुद्रा लैजादा नियमानुसार अघिल्लो पटक सटही गरी बचेको रकम लैजान पाउने सिमा समेतलाई गणना गर्दा अमेरिकी डलर ५,०००।- (पाँच हजार) वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा नाघ्न हुने छैन । तर औषधी उपचार वा अन्य विशेष प्रयोजनको लागि विदेशी मुद्रा सटही प्राप्त गरेको प्रमाण पेश गरेमा त्यस्तो रकम समेत लैजान वाधा पर्ने छैन ।

४. विदेशी नागरिकले नेपालबाट अन्य मुलुकमा जाँदा प्रतिव्यक्ति अमेरिकी डलर ५,०००।- (पाँच हजार) वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा भन्दा बढी नगदै साथमा लैजान पाउने छैन । तर नेपाल आउँदा भन्सार स्वघोषणा गरी ल्याएको सीमा भित्रको रकम स्वघोषणा गरी लैजान वाधा पर्ने छैन ।

५. उपरोक्त व्यवस्था कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा सम्बन्धित पक्षले नेपाल राष्ट्र बैंकमा निवेदन दिई त्यस्तो बाधा अड्चन फुकाउन सकिनेछ ।

**(भिष्मराज ढुंगाना)**
**कार्यकारी निर्देशक**
**विदेशी विनिमय व्यवस्थापन विभाग**

नोटः यसै सँग सम्बन्धित मिति २०७२।०८।०६ मा प्रकाशित सूचना खारेज गरिएको छ ।